# महाशिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बालाकोट, पर्वत

गण्डकी प्रदेश,नेपाल

9857675111
website:www.mahashilamun.gov.np
Email: mahashilagapa@gmail.com

प.सं. : ०७८/०७९
च.नं. : ३१८

मितिः२०७८।७।२८

श्री वडा कार्यालयहरु(सवै)
महाशिला गाउँपालिका,पर्वत ।

विषयःविवरण पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको मिति २०७८।७।२५ को पत्रानुसार कोभिड-19 को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाइ नगद हस्तान्तरण सम्बन्धि सूचनामा उल्लेख भएबमोजिमका नगद प्राप्त गर्न योग्य लाभग्राहीको विवरण **कोभिड-19 को महामारीबाट प्रभावित अतिविपन्न परिवरलाइ नगद हस्तान्तरण कार्यविधि २०७८** को अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन संकलन गरि तोकिएको मितिमा गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

२०७८/७/२८

..........................
भेषराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

वडा कार्यालय सूचना प्रकाशित गर्ने लागि

## कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना

(प्रकाशितः २०७८/७/२५)

कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अबसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिब ५ लाख परिवारलाई चालु आर्थिक वर्ष २०७८/७९ मा राहत स्वरूप एक पटकका लागि प्रति परिवार रू.१० हजारका दरले नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम रहेको छ । त्यस्तो अनुदान प्राप्त गर्न तल खण्ड (क)मा उल्लेखित मापदण्ड भित्र पर्ने र खण्ड (ख) बमोजिम अयोग्य नभएको देहाय बमोजिमका परिवारको कुनै एक मात्र सदस्यले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफू स्थायी वा अस्थायी (न्यूनतम विगत ६ महिनादेखि) रूपमा बस्दै आएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८"** को अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**(क) नगद राहत प्राप्त गर्न योग्य लाभग्राहीः**

(१) विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी वेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार,
(२) खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोको आदिमा सामान बेच्ने अति विपन्न व्यवसायी,
(३) दैनिक ज्याला-मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्साचालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटक भरिया,
(४) कोभिड-१९ सङ्क्रमणको कारणबाट एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार।

**(ख) नगद राहत प्राप्त गर्न अयोग्य परिवारः**

(१) निवेदन दिंदाको समयमा निवेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घसंस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आयआर्जन गरिरहेको,
(२) परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको,
(३) सञ्चित आय वा पैत्रिक सम्पत्तिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको,
(४) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रूपमा नगद प्राप्त गरेको परिवार।

यससँग सम्बन्धित अन्य जानकारी नेपाल सरकार अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np र सम्बन्धित स्थानीय तहको वेबसाइटमा समेत उपलब्ध रहेको व्यहोरा जानकारी गराइन्छ।

सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ

फोन नं. ४२००३१६
www.mofaga.gov.np
Email:cdms.mofaga@gmail

प.सं.:-२०७८/७९
च.नं.:-१५९

मिति: २०७८/०७/२५

विषय: कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धमा।

श्री गाउँपालिका/नगरपालिका (सबै)।

अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखाको च.नं. ३३, मिति २०७८/०७/२५ को पत्र मार्फत कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिब पाँच लाख परिवारलाई चालु आर्थिक वर्षमा राहत स्वरुप नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम कार्यान्वयनको सम्बन्धमा स्वीकृत **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८"** र मिति २०७८/०७/२५ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सुचनाको सन्दर्भमा प्रस्तुत पत्र प्रेषित गरिएको छ। अतः उपरोक्त कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि तथा सूचना तहाँ कार्यालयको वेभसाईट तथा सूचनापाटीमा प्रकाशन गरी आवश्यक सहयोग, समन्वय र सहजिकरण गिरदिनुहुन आदेशानुसार अनुरोध छ।

संलग्न:
१. अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखाको च.नं. ३३, मिति २०७८/०७/२५ को पत्रको प्रतिलिपी.
२. कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८
३. मिति २०७८/०७/२५ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको प्रति

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थ:
श्री सूचना तथा प्रविधी शाखा, (वेभसाईटमा अपलोड गरिदिनुहुन),
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै (आवश्यक समन्वयको लागि),
श्री अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखा, सिंहदरबार, काठमाण्डौं ।

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | लाभग्राही परिवार |
|---|---|---|---|
| ४६३ | पर्वत | कुश्मा न.पा. | ५२८ |
| ४६४ | पर्वत | फलेबास न.पा. | ३८६ |
| ४६५ | पर्वत | महाशिला गा.पा. | १४४ |
| ४६६ | पर्वत | बिहादी गा.पा. | १७९ |
| ४६७ | पर्वत | पैयुं गा.पा. | १९४ |
| ४६८ | बागलुङ | बागलुङ्ग न.पा. | ६२८ |
| ४६९ | बागलुङ | काठेखोला गा.पा. | ३७५ |
| ४७० | बागलुङ | ताराखोला गा.पा. | १६६ |
| ४७१ | बागलुङ | तमानखोला गा.पा. | २२२ |
| ४७२ | बागलुङ | ढोरपाटन न.पा. | ५३४ |
| ४७३ | बागलुङ | निसीखोला गा.पा. | ५३७ |
| ४७४ | बागलुङ | बडिगाड गा.पा. | ५०३ |
| ४७५ | बागलुङ | गल्कोट न.पा. | ४९८ |
| ४७६ | बागलुङ | बरेङ गा.पा. | २३७ |
| ४७७ | बागलुङ | जैमिनी न.पा. | ५१२ |
| ४७८ | रुकुम (पूर्वी भाग) | पुथा उत्तरगंगा गा.पा. | ५९७ |
| ४७९ | रुकुम (पूर्वी भाग) | सिस्ने गा.पा. | ३५७ |
| ४८० | रुकुम (पूर्वी भाग) | भूमे गा.पा. | ५५६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

महाशिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालाकोट, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण निवेदनको ढाँचा**

मिति :२०७८/..../....

श्रीमान वडा अध्यक्षज्यू,

........ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. ....., जिल्ला....................

**विषयः नगद हस्तान्तरणको रकम पाउँ।**

म र मेरो परिवार कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारको समूहमा पर्ने र न्यूनतम जीवन निर्वाहका लागि अन्य विकल्प समेत नभएको हुँदा **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८"** बमोजिम नेपाल सरकारले उपलब्ध गराउने नगद राहत उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु। म र मेरो परिवारका अन्य कुनै पनि सदस्यले हालसम्म यस प्रकारको राहत सुविधा प्राप्त नगरेको तथा यस प्रयोजनका लागि अन्य कुनै स्थानीय तहमा निवेदन पेश नगरेको समेत अनुरोध गर्दछु।

निवेदकको नाम (नेपालीमा): ............. ............. .................

निवेदकको नाम (अङ्ग्रेजीमा) : ............... ............. .............

बाबु/ससूराको नामः.......... आमा/सासुको नामः ......................

नागरिकता नं:.................. नागरिकता जारी भएको जिल्लाः ...................जारी मितिः ................

स्थायी ठेगानाः.................... म.न.पा./उ.म.न.पा/न.पा./गा.पा., वडा नं.:..... टोलः.......................

अस्थायी ठेगाना:...................... म.न.पा./उ.म.न.पा/न.पा./गा.पा., वडा नं.:....... टोल:.....................

नगद हस्तान्तरण प्राप्त गर्ने आधार (सम्बन्धित कोठामा ठीक चिन्ह √ लगाउने)

| क.सं. | आधार | हो | होइन |
|---|---|---|---|
| १ | विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार | .... | .... |
| २ | खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोको आदिमा सामान बेच्ने अतिविपन्न व्यवसायी | .... | .... |
| ३ | दैनिक ज्याला-मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्साचालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटक भरिया | .... | .... |
| ४ | कोभिड-१९ को सङ्क्रमणको कारणबाट एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार | .... | .... |

नगद हस्तान्तरण प्राप्त गर्न नसकिने अवस्था (सम्बन्धित कोठामा ठीक चिन्ह √ लगाउने)

| क.सं. | आधार | छ | छैन |
|---|---|---|---|
| १ | निवेदन दिंदाको समयमा निवेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घसंस्था | .... | .... |

| | | | |
|---|---|---|---|
| | वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय-आर्जन गरिरहेको | | |
| २ | परिवारका कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकारबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको | .... | .... |
| ३ | सञ्चित आय वा पैत्रिक सम्पत्तिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको | .... | .... |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रूपमा नगद प्राप्त गरेको परिवार | | |

सम्पर्क टेलिफोन/मोबाईल नं. ...............................

| बैङ्क खाता नं. | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

बैङ्कको नामः ................................. शाखाः ......................

<u>परिवारमा रहेका अन्य सदस्य (संरक्षकले निवेदन पेश गरेको हकमा सम्बन्धित असहाय नाबालक) को नामः</u>

(१) श्री ............ वर्षः .....  (२) श्री ........... वर्षः .....

(३) श्री ............ वर्षः .....  (४) श्री ............. वर्षः .....

- यस निवेदनका आधारमा मैले/मेरो परिवारले प्राप्त गर्ने नगद हस्तान्तरण बापत नेपाल सरकारको स्वीकृत न्यूनतम दैनिक

ज्यालादरका आधारमा हुन आउने न्यूनतम कार्यदिन बराबर कुनै सार्वजनिक विकास निर्माणको आयोजनामा स्वयंसेवकको रूपमा कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु (.......)/गर्दिन (.......) ।

**स्वघोषणाः** यसमा उल्लिखित विवरणहरु साँचो हुन, झुठा ठहरेमा कानून बमोजिम सहुँला, बुझाउँला।

निवेदकको दस्तखतः........................

मितिः २०७८/......./.......

***संलग्नः*** *नागरिकता प्रमाणपत्रको प्रतिलिपि।*

| | |
|---|---|
| दायाँ | बायाँ |

**अस्थायी बासिन्दाको हकमा गरिदिएको सनाखतः**

निवेदक श्री ......................................... सहित निजको परिवारका सदस्य सङ्ख्या ........ विगत ....... महिनादेखि मेरो स्वामित्वको घरमा/मेरो छिमेकीको रूपमा ............................................... म.न.पा./उ.म.न.पा/न.पा./गा.पा. वडा नं. ....., ...................... मा अस्थायी बसोबास गर्दै आउनुभएको व्यहोरा सनाखत गर्दछु।

छिमेकी/घरधनीको नामः ........................................ सम्पर्क टेलिफोन/मोबाईल नं. ......................

ठेगानाः...................... म.न.पा./उ.म.न.पा/न.पा./गा.पा., वडा नं.:......... टोलः ............................

दस्तखतः.......................... मितिः २०७८/....../......

**वडा अध्यक्षको सिफारिसः**

निवेदक श्री ............................................................ "कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण

कार्यविधि, २०७८" बमोजिम नेपाल सरकारले उपलव्ध गराउने नगद हस्तान्तरणका लागि योग्य रहेको (......) / नरहेको (.......) व्यहोरा सिफारिस गर्दछु।

- योग्य नरहेको भए सोको संक्षिप्त कारणः ........................

<u>वडा अध्यक्ष</u>

नामः ........................................................

स्थानीय तहको नामः ................. वडा नं.: ..........

जिल्लाः .......................

दस्तखतः ....................................... मितिः २०७८/...../......

मुद्रण विभाग, सिंहदरबार